# नागरिक तथा सामाजिक संस्थाहरुको आन्तरिक सुशासन र स्वनियमनका न्यूनतम मापदण्ड, २०७६

## पृष्ठभूमि

"सामाजिक न्याय सहितको समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा हासिल गर्न योगदान पुऱ्याउँन नागरिक तथा सामाजिक संस्थाहरुको संयुक्त पहलमा जारी गरिएको साझा प्रतिबद्धता पत्र २०७५ कार्यान्वयन गर्न र संस्थाहरुको आन्तरिक सुशासनलाई व्यवस्थित गर्न, विभिन्न महासंघ तथा सञ्जालहरुले स्थानीय, जिल्ला, प्रदेश र सङ्घीय तहमा छलफल र संवाद गरी संयुक्त रुपमा **सुशासन र स्वनियमनका न्यूनतम मापदण्ड, २०७६** तयार गरिएको छ ।

शान्ति, मानव अधिकार, सामाजिक न्याय र दिगो विकासको मूल आधार सुशासन भएको हुँदा मुलुकमा क्रियाशील महासंघहरु, सञ्जालहरु र संस्थाहरुद्वारा आफू र आफ्ना सदस्य संस्थाहरुको आन्तरिक सुशासनलाई प्रवर्द्धन गर्न यी मापदण्डहरुलाई न्यूनतम मार्गदर्शक सिद्धान्तको रुपमा अवलम्बन गरी प्रभावकारी रुपमा लागु गरिनेछ । तिनै संघहरु, सञ्जालहरु र संस्थाहरुले एक संयन्त्र विकास गरी यी मापदण्डहरुको कार्यान्वयनको अनुगमन र आवधिक समीक्षा गर्नेछन् ।

## आन्तरिक सुशासन र स्वनियमनका न्यूनतम मापदण्ड

१. प्रचलित कानुन र संस्थाको विधान बमोजिम संस्थाहरुको नवीकरण, अधिवेशन, वार्षिक सभा र नियमित बैठक हुने गरेको ।

२. संस्थाले मानव संसाधन व्यवस्थापन, आर्थिक तथा प्रशासनिक व्यवस्थापन, सुशासन, लैङ्गिक समानता, तथा सामाजिक समावेशीकरण र दिगोपना सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको ।

३. वार्षिक बजेट तथा कार्यक्रम निर्माण गराई साधारण सभाबाट पारित गराउने र वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने गरिएको ।

४ संस्थामा खुला सदस्यताको व्यवस्था भएको, सदस्यहरुले निर्णय प्रक्रियामा भाग लिन पाउने, चुन्ने र चुनिने अधिकार सुनिश्चित भएको, नेतृत्व विकास र हस्तान्तरण अभ्यास हुने गरेको ।

५ संस्थाको कार्यक्षेत्र सहितको परिचय (ब्रोशर), संस्थागत संरचना, रणनीतिक योजना, कार्य समिति र वित्तीय विवरण, कर्मचारीहरुको विवरण र संस्थाका गतिविधिहरु सार्वजनिक गर्ने गरेको ।

६ संस्थाको आन्तरिक लेखा परीक्षण, साधारण सभाबाट लेखा परीक्षकको नियुक्ति, लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन र सुझावहरु संस्थामा छलफल र प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने गरिएको ।

७ शक्ति पृथकीकरणको सिद्धान्तअनुसार संस्थाका कार्यसमिति र कर्मचारीहरुको कार्य विवरण तयारी र सोबमोजिम जिम्मेवारी वहन भए, नभएकोबारे अनुगमन गर्ने गरिएको ।

८ स्वार्थ नबाझिने गरी प्रतिस्पर्धाबाट कर्मचारी तथा स्वयंसेवक नियुक्ति, कर्मचारीहरुको क्षमता विकास, सामाजिक सुरक्षा कोषको व्यवस्था र सांस्कृतिक पर्व र शारीरिक अवस्था अनुसार विशेष बिदालगायतका सुविधाहरु सुनिश्चित गरिएको हुने ।

९ प्रचलित कानुन अनुसार वस्तु तथा सेवाको खरिद गर्ने, सम्पत्तिको मूल्याङ्कन र अभिलेखीकरण गर्ने, संस्थाको सम्पत्ति निजी प्रयोजनका लागि प्रयोग नगर्ने, संस्थाको सम्पत्ति तथा दस्तावेज बुझबुझारथ गर्ने र कार्यालयको प्रयोगमा नआउने सामग्रीको वितरण, लिलामी वा नष्ट गर्ने स्पष्ट नीति र अभ्यास गरिएको हुने ।

१० संस्थाहरुमा भ्रष्टाचार, जातीय भेदभाव तथा लैङ्गिक हिंसा र बालश्रम विरुद्ध शून्य सहनशीलताको नीति र अभ्यास गरिएको हुने ।

११ संस्थामा गुनासो र उजुरी, सुनुवाइ र कारबाही गर्ने सम्बन्धी नीति र संयन्त्र निर्माण र अभ्यास गरिएको हुने ।

## आन्तरिक सुशासन र स्वनियमनका न्यूनतम मापदण्डका सूचकहरु

**१ प्रचलित कानुन र संस्थाको विधान बमोजिम संस्थाहरु सञ्चालन गरिएको हुने ।**

- संस्थाको नवीकरण भएको ☐ छ ☐ छैन। कैफियत...............................
- नियमित अधिवेशन गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- वार्षिक सभा गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- नियमित बैठक बस्ने गरेको ☐ छ ☐ छैन। कैफियत...............................

**२ संस्था सञ्चालनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरुको तर्जुमा गरी कार्यान्वयनको अभ्यास गरिएको हुने ।**

- मानव संसाधन व्यवस्थापन नीति ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त मानव संसाधन व्यवस्थापन नीति कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- आर्थिक व्यवस्थापन नीति ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त आर्थिक व्यवस्थापन नीति कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- सुशासन निर्देशिका ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त सुशासन निर्देशिकाको कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- लैङ्गिक समानताको निर्देशिका ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त लैङ्गिक समानताको निर्देशिकाको कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- सामाजिक समावेशीकरणको नीति ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त सामाजिक समावेशीकरणको नीति कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- बाल संरक्षण नीति ☐ छ ☐ छैन। कैफियत...............................
- बाल संरक्षण नीति कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................

**३ वार्षिक बजेट तथा कार्यक्रम निर्माण गरी साधारण सभाबाट पारित गराउने र वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिएको हुने ।**

- वार्षिक बजेट तथाकार्यक्रमनिर्माण गरेको ☐ छ ☐ छैन। कैफियत...............................
- बजेट र कार्यक्रम वार्षिक साधारण सभाबाट पारित गराउने अभ्यास गरिएको हुने ☐ छ ☐ छैन। कैफियत...............................
- वार्षिक कार्ययोजना निर्माण गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत...............................
- कार्ययोजना अनुरूप कार्यान्वयन गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत...............................

**४ संस्थामा खुला सदस्यताको व्यवस्था भएको, सदस्यहरुले निर्णय प्रक्रियामा भाग लिन पाउने, चुन्ने र चुनिने अधिकार सुनिश्चित गरिएको हुने ।**

- संस्थामा खुला सदस्यताको व्यवस्था भएको ☐ छ ☐ छैन। कैफियत...............................
- सदस्यहरूले निर्णय प्रक्रियामा भाग लिन पाउने अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- वार्षिक कार्ययोजना ☐ छ ☐ छैन। कैफियत...............................
- प्रतिनिधि चुन्ने वा मतदान गर्ने प्रक्रियाको व्यवस्था भएको ☐ छ ☐ छैन। कैफियत...............................
- आफैं उमेदवार भएर चुनिन पाउने अधिकार सुनिश्चित गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- संस्थाको नेतृत्व परिवर्तन हुने समयमा पुरानो नेतृत्वले नयाँ नेतृत्वलाई संस्थाको हिसाब किताब, दस्तावेजहरु, नीति तथा रणनीतिहरु, काम र संस्थाको दायित्वबारे लिखित रुपले जिम्मेवारी हस्तान्तरण गरिएको ☐ छ ☐ छैन। कैफियत...............................

**५ संस्थाको कार्यक्षेत्र सहितको परिचय (ब्रोशर), रणनीतिक योजना, संस्थागत संरचना, वित्तीय विवरणहरु विभिन्न माध्यमहरुबाट सार्वजनिक गर्ने र संस्थाका अन्य गतिविधिहरु सामाजिक परीक्षण जस्ता विधिहरुबाट पारदर्शिता सुनिश्चित गरिएको हुने ।**

- संस्थाको कार्यक्षेत्र सहितको परिचय (ब्रोशर), रणनीतिक योजना, संस्थागत संरचना, वित्तीय विवरणहरुको दस्तावेजहरु ☐ छ ☐ छैन। कैफियत...............................

- संस्थाका सूचनाहरु विभिन्न माध्यमहरुबाट सार्वजनिक गर्ने गरेका ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाका गतिविधिहरुको सामाजिक परीक्षण गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत.................................
- पारदर्शिताका लागि वेबसाइट तथा सामाजिक सञ्जालको प्रयोग गरेको ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाका नेतृत्वले आफ्नो संस्थाले गरेको सफल काम र नतीजाको श्रेय लिने र असफल नतीजाको सार्वजनिक रुपमा नैतिक जिम्मेवारी स्वीकार गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत.................................

**६ संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने, साधारण सभाबाट लेखा परीक्षकको नियुक्ति गर्ने, लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन र सुझावहरु संस्थामा छलफल गर्ने र प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने गरिएको हुने ।**

- संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने ☐ छ ☐ छैन। कैफियत.................................
- साधारण सभाबाट लेखा परीक्षकको नियुक्ति गर्ने अभ्यास गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत.................................
- लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन र सुझावहरु संस्थामा छलफल गर्ने ☐ छ ☐ छैन। कैफियत.................................
- प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.................................

**७ संस्थाका शक्ति पृथकीकरणको सिद्धान्त अनुसार संस्थाका कार्यसमिति र कर्मचारीहरुको कार्य विवरण तयारी र सोबमोजिम, जिम्मेवारी वहन भए, नभएकोबारे संस्थाले अनुगमन गर्ने गरिएको हुने ।**

- संस्थाका कार्यसमिति तथा कर्मचारीहरुबीच दोहोरोपन नआउँने गरी कार्य विवरण तयार गरिएको ☐ छ ☐ छैन । कैफियत.................................
- कार्य विवरण बमोजिम जिम्मेवारी वहन भए, नभएको बारे अनुगमन गर्ने गरिएका ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाका कर्मचारीहरुलाई कार्य विवरण तयार गरी उनीहरुको जिम्मेवारी र हासिल गर्नुपर्ने उपलब्धि किटान गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- कार्यसमितिका सदस्यहरुले स्वयम्सेवकको रुपमा काम गर्ने गरेको र संस्थामा संलग्न भए बापत मासिक पारिश्रमिक नलिने तर संस्थाको ध्येय परिपूर्ति गर्दा लागेको खर्च संस्थाले व्यहोर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाले गरेको कामको लक्षित क्षेत्रमा कस्तो प्रभाव पर्‍यो वा लक्षित क्षेत्रले संस्थाको कामलाई कसरी लिएको छ भन्ने थाहा पाउँनको लागि संस्थाको काम र त्यसको प्रतिफल तेश्रो पक्षबाट अनुगमन गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाको कामबारे लक्षित क्षेत्रबाट निश्चित अवधिमा पृष्ठपोषण लिने व्यवस्था मिलाइएको ☐ छ ☐ छैन। कैफियत.................................

**८ स्वार्थ नबाझिने गरी प्रतिस्पर्धाबाट कर्मचारी तथा स्वयंसेवक नियुक्ति, कर्मचारीहरुको क्षमता विकास, सामाजिक सुरक्षा कोषको व्यवस्था र सांस्कृतिक पर्व र शारीरिक अवस्था अनुसार विशेष बिदा लगायतका सुविधाहरु सुनिश्चित गरिएको हुने ।**

- खुला प्रतिस्पर्धाबाट कर्मचारी तथा स्वयंसेवक नियुक्ति गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- कर्मचारीको क्षमता विकास गर्ने, पदोन्नति, तलब वृद्धि, पुरस्कार वा प्रोत्साहनको अभ्यास गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- दुर्घटना बीमाको व्यवस्था गर्ने गरिएका ☐ छ ☐ छैन। कैफियत.................................
- सञ्चय कोष वा सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- सांस्कृतिक पर्व र शारीरिक अवस्था अनुसार विशेष बिदा लगायतका सुविधाहरुको व्यवस्था सुनिश्चितता गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाका लागि आवश्यक ज्ञान, सीपलाई असर नपर्ने गरी कर्मचारी स्वयंसेवीहरुको संरचना समावेशी गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- खास लक्षित क्षेत्रका व्यक्तिहरुको क्षमता विकास गरी सशक्त बनाउँनका लागि विशेष तालिम, इन्टर्नशिप आदिको व्यवस्था गरिएको ☐ छ ☐ छैन। कैफियत.................................
- संस्थाका सदस्यहरु, नेतृत्व, समुह र कर्मचारीहरु संस्थाको हित विपरीत आफ्नो निजी स्वार्थ बाझिने गतिविधिमा असंलग्न रहेको ☐ छ ☐ छैन। कैफियत.................................

**९ प्रचलित कानुन अनुसार वस्तु तथा सेवाको खरिद गर्ने, सम्पत्तिको मूल्याङ्कन र अभिलेखीकरण गर्ने, संस्थाको सम्पत्ति निजी प्रयोजनका लागि प्रयोग नगर्ने, संस्थाको सम्पत्ति र दस्तावेजको बुझबुझारथ गर्ने र कार्यालयको प्रयोगमा नआउने सामग्रीको वितरण, लिलामी वा नष्ट गर्ने स्पष्ट नीति र अभ्यास गरिएको हुने ।**

- प्रचलित कानुन अनुसार वस्तु तथा सेवाको खरिद गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत...............................
- सम्पत्तिको मूल्याङ्कन र अभिलेखीकरण गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत...............................
- संस्थाको सम्पत्ति निजी प्रयोजनका लागि प्रयोग नगर्ने अभ्यास गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत...............................
- सम्पत्ति बरबुझारथ गर्ने गरेको ☐ छ ☐ छैन। कैफियत...............................
- जिन्सी सामान लिलामी वितरण वा नष्ट गर्ने स्पष्ट नीति ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त जिन्सी सामान लिलामी, वितरण वा नष्ट गर्ने स्पष्ट नीतिको कार्यान्वयनको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत...............................

**१० संस्थाहरुमा भ्रष्टाचार, जातीय भेदभाव तथा लैङ्गिक हिंसा र बालश्रम विरुद्ध शून्य सहनशीलताको नीति र अभ्यास गरिएको हुने ।**

- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सम्बन्धी नीति निर्माण गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सम्बन्धी नीतिको कार्यान्वयन गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- जातीय विभेद र लैंङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति निर्माण गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- उक्त जातीय विभेद र लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिको कार्यान्वयन गरिएको ☐ छ ☐ छैन। कैफियत...............................
- बाल संरक्षण नीति निर्माण गरी कार्यान्वयन गरिएको ☐ छ ☐ छैन। कैफियत...............................

**११ संस्थामा गुनासो र उजुरी, सुनुवाइ र कारवाही गर्ने सम्बन्धी नीति र संयन्त्र निर्माण र अभ्यास गरिएको हुने ।**

- संस्थामा गुनासो र उजुरी गर्ने संयन्त्रको व्यवस्था गरिएको ☐ छ ☐ छैन। कैफियत.............................
- प्राप्त गुनासो र उजुरीको निश्चित समयमा सुनुवाइ गर्ने गरिएको ☐ छ ☐ छैन। कैफियत.............................
- उजुरी सम्बन्धी कारवाही गर्ने नीति निर्माण भएको ☐ छ ☐ छैन। कैफियत.............................
- उपर्युक्त प्रक्रियाको अभ्यास गरिएको ☐ छ ☐ छैन। कैफियत.............................


# गैरसरकारी संस्था महासंघ नेपाल

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : ४७८१३६८, ४७८२९०८ फ्याक्स : ४७८०५५९

info@ngofederation.org www.ngofederation.org

www.facebook.com/NFNCentral www.twitter.com/Ngofednepal